(सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण )

(२०८३ बैसाख देखि असार मसान्त सम्म )

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

तथ्याङ्क समन्वय कार्यालय, रुपन्देही

कार्यालयको स.नं.:- ०७१-५७०००७, ९८५७०५१७६१

इमेलः- **scorupandehi@gmail.com**, scorupandehi@nsonepal.gov.np

वेब साईटः- **https://scorupandehi.nsonepal.gov.np**

## विषयसूची


१. कार्यालयको स्वरुप र प्रकृति ........ १

२. कार्यालयको काम, कर्तव्य र अधिकार ........ १

३. कार्यालयको स्वीकृत दरबन्दी विवरणः ........ २

४. तथ्याङ्क समन्वय कार्यालयको संगठन संरचना ........ ३

५. तथ्याङ्क समन्वय कार्यालय, रुपन्देहीबाट सम्पादन गरिने कार्यहरु :- ........ ३

६. नागरिक वडापत्र ........ ४

७. सेवा प्रदान गर्ने निकायको शाखा जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख ........ ५

८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय ........ ५

९. निर्णय गर्ने प्रक्रिया र अधिकार ........ ५

१०. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ६

११. यस अवधिमा सम्पादन गरिएको कामको बिवरणः ........ ६

१२. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र सम्पर्क नम्बर ........ ६

१३. ऐन, नियम, विनियम, निर्देशिका सूची ........ ६

१४. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण (चौथो त्रैमासिक) ........ ६

१५. तोकिए वमोजिमको अन्य विवरण : ........ ७

१६. अघिल्लो आ.वा.मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ........ ७

१७. सार्वजनिक निकायको वेवसाइट ........ ७

१८. सार्वजनिक निकायले प्राप्त वैदेशिक सहायता, ऋण, अनुदान एवं संझौता सम्वन्धी विवरण ........ ७

१९. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन ........ ७

२०. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचना नामावली ........ ७

२१. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय ........ ७

२२. सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण ........ ७

## १. कार्यालयको स्वरुप र प्रकृति

नेपालमा वैज्ञानिक तरिका द्वारा जनगणना गराउने र अन्य विविध तथ्याङ्क समेत सङ्कलन गर्ने उद्देश्यले साविकका दुई अड्डाहरू जनसंख्या गोश्वारा र औद्योगिक व्यापारिक समाचार संग्रंह अड्डालाई गाभी २००७ साल भाद्र ९ गते संख्या विभागको स्थापना भएको थियो । मुलुकको गतिविधि बारे यथार्थ ज्ञान प्राप्त गर्न तत्कालिन श्री ५ को सरकारलाई यथार्थ आधार चाहिएको र त्यसको आधार जुटाउन तथ्याङ्क सम्बन्धी कामको लागि एक केन्द्रीय तथ्याङ्क विभाग को स्थापना गर्न आवश्यक भएकोले २०१५ मंसिर १८ गते नेपालमा तथ्याङ्क ऐन, २०१५ लागु भयो। यही ऐनको आधारमा संख्या विभाग खारेज भई २०१५ साल पौष १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको हो। केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोग अन्तर्गत रहेको थियो। तथ्याङ्क ऐन, २०१५ ले केन्द्रीय तथ्याङ्क विभागलाई तथ्याङ्क सङ्कलन, प्रशोधन, संग्रह, विश्लेषण एवं प्रकाशन गर्ने जिम्मेवारी दिएको थियो । तथ्याङ्क सङ्कलन कार्यलाई सहज बनाउनका लागि २०५० सालमा ३३ जिल्लामा तथ्याङ्क कार्यालयहरुको स्थापना भएको थियो ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ गतेको निर्णय अनुसार साविकका ३३ ओटा तथ्याङ्क कार्यालयहरुलाई खारेजी गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा रहने गरी १८ ओटा तथ्याङ्क समन्वय कार्यालयहरुको स्थापना भएको हो। सो मध्ये एकको रुपमा यस तथ्याङ्क समन्वय कार्यालय, रुपन्देहीको स्थापना भएको हो । नेपाल सरकारको राजपत्राङ्कित द्धितिय श्रेणीको अधिकृत यस कार्यालयको कार्यालय प्रमुख रहने व्यवस्था छ । यसको कार्यालय भवन रुपन्देही जिल्लाको सिद्वार्थनगर नगरपालिका वडा नं. ४ स्थित उद्योगपुरीमा रहेको छ । यस कार्यालयले जिल्ला तथा स्थानीय स्तरमा सेवाग्राहीहरुलाई सर्वसुलभ रुपमा तथ्याङ्क सेवा उपलब्ध गराउंदै आएको छ । यसको कार्य क्षेत्र नवलपरासी (ब.सु.प.), रुपन्देही र कपिलवस्तु गरी ३ वटा जिल्ला र सो अन्तर्गतका ३३ वटा स्थानीय तहहरु रहेका छन् ।

तथ्याङ्क समन्वय कार्यालय, रुपन्देहीले राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालित विभिन्न गणना, सर्वेक्षण तथा अध्ययन लगायतका कार्यहरुमा स्थलगत तथ्याङ्क संकलन तथा अनुगमन, डाटा इन्ट्री, डाटा इडिटिङ्, कोडिङ्, प्रकाशन लगायत जिल्ला तथा स्थानीय तहहरुमा तथ्याङ्कीय क्रियाकलाप सम्बन्धी गोष्ठी र तालिम संचालन तथा समन्वय गर्नुकासाथै राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयबाट प्रकाशित तथ्याङ्कहरुलाई प्रयोगकर्ताहरु समक्ष सहज रुपमा उपलब्ध गराउने कार्य गर्दछ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने विभिन्न गणना तथा सर्वेक्षणको व्यवस्थापन, छनौट, तालिम तथा तथ्याङ्क सङ्कलन, अनुगमन तथा सुपरिवेक्षण गर्ने र सङ्कलित तथ्याङ्क निर्धारित समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने;
- वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमान र मूल्य सूचकाङ्कको लागि आवश्यक तथ्याङ्क सङ्कलन

गरी नियमित रूपमा निर्धारित समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने;

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने गणना क्षेत्र नक्साङ्कनसम्बन्धी कार्य गर्ने;
- स्थानीय तहसँगको समन्वयमा National Data Profile को कार्यान्वयनसम्बन्धी कार्य गर्ने;
- प्रदेश सरकार तथा स्थानीय तहमा तथ्याङ्कीय गतिविधिका सम्बन्धमा सरकारी तथा गैरसरकारी निकायसँग निरन्तर अन्तरक्रिया र छलफल सञ्चालन गर्ने;
- सम्वन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट माग भई आएका तथ्याङ्क पूर्ति गर्न कार्यक्षेत्रभित्र आवश्यक गणना, सर्वेक्षण, अध्ययन अनुसन्धानको कार्य गर्ने साथै माग गरेबमोजिमको तथ्याङ्क उपलब्ध गराउने;
- प्रदेश सरकार तथा स्थानीय तहसँगको समन्वय, सहकार्य एवं आर्थिक सहयोगमा गणना तथा सर्वेक्षण सञ्चालन गरी आवश्यक सूचकहरु तयार गर्ने;
- राष्ट्रिय तथ्याङ्कको प्रादेशिक डाटाबेस तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने;
- प्रदेश तथा स्थानीय तहका आर्थिक तथा सामाजिक सूचक समेटी प्रदेश तथा स्थानीय तहका प्रतिवेदन तथा वस्तुगत विवरण तयार गर्ने;
- राष्ट्रियस्तरको तथ्याङ्क सङ्कलनका लागि सर्वेक्षण अनुमति प्राप्त गरेका निकाय तथा संघ संस्थाले स्थानीय तहमा गर्ने तथ्याङ्क सङ्कलनसम्बन्धी कार्यको अनुगमन गर्ने;
- स्थानीय तहमा कार्यरत तथ्याङ्कसम्बन्धी काम गर्ने जनशक्तिको क्षमता विकासका लागि आवधिकरूपमा प्रशिक्षण एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने;
- स्थानीय तहका तथ्याङ्क उत्पादक निकायहरूसँग अन्तरनिकाय समन्वय गर्ने;
- स्थानीय तह एवं सम्बद्ध निकायलाई आधिकारिक प्रकाशित तथ्याङ्क उपलब्ध गराउने;
- स्थानीय तहमा हुने तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन तथा भण्डारणका विषयमा निर्धारित मानक तथा गुणस्तरको पालना भए नभएको अनुगमन गर्ने;
- राष्ट्रिय तथ्याङ्क प्रणालीको स्तरोन्नतिका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले दिएको निर्देशन बमोजिमका काम गर्ने।

## ३. कार्यालयको स्वीकृत दरबन्दी विवरणः


| क्र.सं. | पद | श्रेणी | दरबन्दी संख्या | दरबन्दी पूर्ति | दरबन्दी रिक्त |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा.प. द्वितीय | १ | १ | ० |
| २ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | २ | २ | ० |
| ३ | सुपरिवेक्षक | रा.प.अनं.प्रथम | ४ | ४ | ० |
| ४ | स.ले.पा. | रा.प.अनं. द्वितीय | १ | १ | ० |
| ५ | खरिदार | रा.प.अनं.द्वितीय | २ | २ | ० |
| ६ | गणक | रा.प.अनं. द्वितीय | ३ | ३ | ० |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहीन | २ | २ (करार) | ० |
| जम्मा | | | १५ | १५ | ० |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राष्ट्रिय तथ्या...
तथ्याङ्क समन्वय...

बिपिन कुमार पंजियार
...ङ्क समन्वय अधिकारी

४. तथ्याङ्क समन्वय कार्यालयको संगठन संरचना




५. तथ्याङ्क समन्वय कार्यालय, रुपन्देहीबाट सम्पादन गरिने कार्यहरु :-

- बार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा र त्रैमासिक मूल्य सुचकाङ्क सम्बन्धी तथ्याङ्क संकलन ।
- स्थानीय तहका प्रोफाइल तयारी तथा प्रकाशन सम्वन्धी कार्य ।
- राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्देशनमा विभिन्न सर्वेक्षण तथा गणनामा सहयोग ।
- स्थानीय तहमा तथ्याङ्कीय सक्षरता सम्बन्धी गोष्ठी सञ्चालन ।
- विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय गतिविधि सञ्चालन गर्ने तथा कार्यक्रममा निर्धारण भएका अन्य कार्यहरु ।

बिपिन कुमार पंजियार
समन्वय अधिकारी

६. नागरिक वडापत्र

| क्र.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गणना सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. ४०००।- <br> (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ५,०००।- <br> (ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु.८,०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| २ . | सर्वेक्षण सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।- <br> (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ३०००।- <br> (ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु.५०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| ३. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा समन्वय र सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी | | | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | विभिन्न गणना तथा सर्वेक्षणबाट प्राप्त सामाजिक , आर्थिक तथा वातावरणीय तथ्याङ्क प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन फाँट | |
| ५ . | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन फाँट | |
| ६ . | माग बमोजिमको तथ्याङ्क उपलब्ध गराउने | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्राविधिक फाँट | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय, ...
तथ्याङ्क समन्वय कार्यालय, ...

बिपिन कुमार पाजयार
तथ्याङ्क समन्वय अधिकारी

सूचना अधिकारी तथा गुनासो व्यवस्थापन अधिकृत
सूचना अधिकारी: नन्दलाल कुर्मी
सम्पर्क नम्बरः ९८५७०५४७६१
तालुक निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
सम्पर्क नम्बरः ०१-५३४५९४६
कार्यालय ईमेलःscoropoandehi@nsonepal.gov.np

## ७. सेवा प्रदान गर्ने निकायको शाखा जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| क्र. सं. | शाखा | जिम्मेवार व्यक्ति | पद | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | विपिन कुमार पंजियार | तथ्याङ्क समन्वय अधिकारी | |
| २ | प्रशासन शाखा | नन्दलाल कुर्मी | तथ्याङ्क अधिकृत | |
| | | सावित्रा पराजुली | खरिदार | |
| | | भरत बहादुर थापा मगर | खरिदार | |
| | | सुधन घिमिरे | सह लेखापाल | |
| | | ओमप्रकाश तिवारी | कार्यालय सहयोगी | |
| | | निरंजन कुमार पंजियार | कार्यालय सहयोगी | |
| ३ | तथ्याङ्क शाखा | मनोहर हरिजन | तथ्याङ्क अधिकृत | |
| | | देबु प्रसाद अर्याल | सुपरिवेक्षक | |
| | | सिता देवी जैसी | सुपरिवेक्षक | |
| | | गणेश प्रसाद मरासिनी | सुपरिवेक्षक | |
| | | पुष्पा अधिकारी | सुपरिवेक्षक | |
| | | प्रिया ज्ञवाली | गणक | |
| | | नवीन कंडेल | गणक | |
| | | गिरिजा प्रसाद मरासिनी | गणक | |

## ८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय

कागजातहरु पूराभएको दिन सशुल्क/निशुल्क

## ९. निर्णय गर्ने प्रक्रिया र अधिकार

निर्णय प्रक्रियाः- टिप्पणी आदेश, तोक आदेश, कर्मचारी बैठक आदि ।
यस कार्यालयबाट गरिने सम्पूर्ण निर्यण कार्यालय प्रमुख बाट वा प्रत्यायोजन भएमा समन्धित व्यक्ति बाट।

विपिन कुमार पंजियार
समन्वय अधिकारी

१०. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुख

११. यस अवधिमा सम्पादन गरिएको कामको बिवरणः

- स्थलगत यातायात सर्वेक्षण र निजी स्वास्थ्य सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य सम्पन्न गरिएको ।
- चौथो त्रैमासिक राष्ट्रिय लेखा र निर्माण सामाग्रीको मूल्य संकलन गरी रा.त. का.मा पठाइएको ।
- स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यवधिकको लागि अनुगमन तथा सुपरिवेक्षण कार्य गरेको ।
- मूल्य सूचकांक निर्माणका लागि चौथो त्रैमासिकको तथ्यांक संकलन भइरहेको ।

१२. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र सम्पर्क नम्बर

सूचना अधिकारी नाम र सम्पर्क नम्बर : तथ्याङ्क अधिकृत श्री नन्दलाल कुर्मी, ९८५७०५४७६१
कार्यालय प्रमुखको नाम र सम्पर्क नम्बर : त.स.अ. श्री विपिन कुमार पंजियार, ९८५७०५१७६१

१३. ऐन, नियम, विनियम, निर्देशिका सूची

तथ्याङ्क ऐन- २०७९
तथ्याङ्क नियमावली-२०८०

१४. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण (चौथो त्रैमासिक)

| खर्च शिर्षक | रकम (रु.) | कैफियत |
|---|---|---|
| चालु विनियोजित रकम | ३४,६९,०००/- | |
| चालु खर्च रकम | ४०,०६,४३५/- | तेस्रो त्रैमासिकमा विनियोजित बजेटसमेत यसै त्रैमासिकमा खर्च भएको। |
| पुंजीगत विनियोजित | ० | |
| पुँजीगत खर्च | ० | |

६ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय तथ्याङ्क समन्वय ... सप्तरी

बिपिन कुमार पंजियार
तथ्याङ्क समन्वय अधिकारी

१५. तोकिए वमोजिमको अन्य विवरण :

**१६. अघिल्लो आ.वा.मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण**

नियमित कार्यक्रम

**१७. सार्वजनिक निकायको वेवसाइट**

कार्यालयको सम्पर्क नं. ०७१-५७०००७

facebook पेज : तथ्याङ्क समन्वय कार्यालय रुपन्देही

राष्ट्रिय तथ्याङ्क कार्यालयको वेभसाइटः https://nsonepal.gov.np

तथ्याङ्क समन्वय कार्यालय, रुपन्देहीको वेभसाइटः https://scorupandehi.nsonepal.gov.np

**१८. सार्वजनिक निकायले प्राप्त वैदेशिक सहायता, ऋण, अनुदान एवं संझौता सम्वन्धी विवरण**

नभएको

**१९. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन**

वार्षिक कार्यक्रम अनुरुप कार्यक्रम संचालन भएका र सो को प्रतिवेदन प्रकाशित गरिएको ।

**२०. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचना नामावली**

व्यक्तिगत विवरण बाहेक राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संकलित सबै सूचना तथा तथ्याङ्क खुल्ला रहेको।

**२१. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय**

रा.त.का बाट संचालित गणना तथा सर्भेक्षण सम्वन्धी सबै सूचना / तथ्याङ्क फोन, मौखिक, इमेल तथा माग फारमका आधारमा उपलब्ध गराइएको ।

**२२. सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण**

FacebookPageतथ्याङ्क समन्वय कार्यालय रुपन्देही र कार्यालयको सूचना पाटी

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, रुपन्देही

बिपिन कुमार पांजियार
तथ्याङ्क समन्वय अधिकारी